# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, कात्तिक २७ गते २०५८ साल (अतिरिक्ताङ्क ४७

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०५८ साल कात्तिक २५ गते भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका वडा नं. १२, अरनिको राजमार्गमा नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री माननीय श्री गिरिजाप्रसाद कोइराला चढ्नु भएको गाडीलाई बा. १ क. २३२८ नम्बरको गाडीले ठक्कर दिएको घटनाका सम्बन्धमा, जाँचबुझ गरी सत्य तथ्य पत्ता लगाई श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधिश श्री नरेन्द्रबहादुर न्यौपाने रहनुभएको एक सदस्यीय जाँचबुझ आयोग गठन गरी सो आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यविधि देहाय बमोजिम तोकेको छः–

१. आयोगको काम, कर्तव्य र अधिकारः उल्लिखित घटनाका सम्बन्धमा प्रचलित कानून अनुसार तहकीकात तथा अभियोजन लगायतका काम कारवाहीमा बाधा नपर्ने गरी, सत्य तथ्य पत्ता लगाई राय, ठहर साथ श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्ने ।

२. कार्यावधिः आयोगको कार्यावधि आयोगले काम शुरू गरेको मितिले १५ दिनको हुनेछ ।

आज्ञाले,
कुलरत्न भूर्तेल
श्री ५ को सरकारको निमित्त सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।